नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०
चलानी नं.:- ४२९

मितिः- २०८०/०१/१२

श्री स्थानीय तह (सबै),
श्री नेपाल नगरपालिका संघ, काठमाण्डौं,
श्री गाउँपालिका राष्ट्रिय महासंघ, काठमाण्डौं।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ९८२ मिति २०८०/०१/०७ को पत्र र सो पत्रसाथ प्राप्त जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको च.नं. ११३४ मिति २०८०/०१/०६ को पाठ्यपुस्तकको रकम निकासाका लागि पत्राचार गरिदिने सम्बन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१।१२

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-१.१७/०७९/०८०

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३८३८
दर्ता मितिः- १/१२

मितिः २०८०।१।७

विषयः पाठ्यपुस्तकको रकम निकासाका लागि पत्राचार गरिदिने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

प्रस्तुत विषयमा जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको च.नं. ११३४, मिति २०८०।१।६ को को पत्रबाट शैक्षिक सत्र २०८० का लागि उक्त केन्द्रबाट उत्पादन भएका पाठ्यपुस्तक केही क्षेत्रका विक्रेताहरुले विद्यालयहरुमा रकम निकासा नभएको कारणले नलगेको हुँदा सञ्चालक समितिको मिति २०८०।१।५ को निर्णय बमोजिम स्थानीय तहहरुबाट पाठ्यपुस्तकका लागि रकम निकासा नभएको कारणले केन्द्रका केही क्षेत्रका विक्रेताहरुले पाठ्यपुस्तक नलगेको जानकारी हुन आएकाले स्थानीय तहबाट विद्यालयहरुलाई रकम निकासा गर्नका लागि स्थानीय तहहरु, नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघलाई पत्रचार गरिदिन तहाँ मन्त्रालयलाई पत्राचार गर्न लेखी आएकोले उक्त अनुसार पाठ्यपुस्तकको रकम निकासाका लागि स्थानीय तहहरु, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघलाई पत्राचार गरिदिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ।

(बलदेव भण्डारी)
शाखा अधिकृत

बोधार्थः
श्री नेपाल नगरपालिका संघ, काठमाण्डौं ।
श्री गाउँपालिका राष्ट्रिय महासंघ, काठमाण्डौं ।
श्री जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड, सानोठिमी,
भक्तपुर।

फोन नं.:
वेबसाइटः www.moest.gov.np

प.लि.नं.:- ११२/०३५

# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

सानोठिमी, भक्तपुर ।

प.सं.

मिति : २०८०/०१/०६

च.नं. ११३४/०६९/०८०

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

**विषय : पाठ्यपुस्तकको रकम निकासाका लागि पत्राचार गरिदिने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा शैक्षिक सत्र २०८० का लागि यस केन्द्रबाट उत्पादन भएका पाठ्यपुस्तक केही क्षेत्रका विक्रेताहरुले विद्यालयहरुमा रकम निकासा नभएको कारणले नलगेको हुँदा केन्द्रको मिति २०८०/०१/०५ मा बसेको संचालक समितिको बैठक नं.११४२ बाट "स्थानीय निकायबाट पाठ्यपुस्तकका लागि रकम निकासा नभएको कारणले केन्द्रका केही क्षेत्रका बिक्रेताहरुले पाठ्यपुस्तक नलगेको जानकारी हुन आएकाले स्थानीय निकायबाट विद्यालयहरुलाई रकम निकासा गर्नका लागि स्थानीय निकायहरु, नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघलाई पत्राचार गरिदिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने" निर्णय भएकाले निर्णयानुसार पाठ्यपुस्तकको रकम निकासाका लागि पत्राचार गरिदिनु हुन अनुरोध गर्दछु ।

२०८०/०१/०६

(रविन्द्र कुमार शर्मा)
प्रमुख
प्रशासन विभाग

फोन नं.: ०१-६६३०७९६, ०१-६६३११७२, ०१-६६३०७८८ पो.ब.नं. १०९०, काठमाडौं, नेपाल ।
E-mail: info@janakedu.com.np Web Site: www.janakedu.com.np